नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह क्षमता विकाश शाखा)

प.सं. ०७८/७९
च.नं. २५

मितिः २०७८/०६/११

विषयः जिल्ला समन्वय समितिको क्षमता विकास सम्बन्धमा।

श्री जिल्ला समन्वय समितिहरू (सबै)

प्रस्तुत विषयमा परिवर्तित शासकीय संरचना अनुसार संघ,प्रदेश र स्थानीय तहहरुका शासकीय तथा प्रशासनिक कार्यहरूमा सहयोगको लागि जिल्ला समन्वय समितिको कार्य जिम्मेवारीलाई व्यवस्थित गर्दै जि.स.स.को भूमिकालाई सवलिकरण गर्ने सन्दर्भमा यस मन्त्रालयबाट काम भैरहेकोले तहाँबाट तपसिल अनुसारका विवरणहरु ईमेल ठेगाना local.capacity.section@mofaga.gov.np मार्फत उपलब्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ ।

तपसिल

१. जिल्ला समन्वय समितिको चालु आर्थिक वर्षको बजेट र हाल कार्यरत कर्मचारीको संख्यात्मक विवरण,
२. जिल्ला समन्वय समितिबाट गत बर्ष (आ.ब.०७७/७८)मा सम्पादन भएका कार्यहरू,
३. जिल्ला समन्वय समितिलाई सङ्घ तथा प्रदेशका विभिन्न निकायबाट हस्तान्तरण/प्रत्यायोजन भएका कार्यहरू,
४. जिल्ला समन्वय समितिबाट सम्पादन गर्न उपयुक्त हुने थप कार्यहरू,
५. जिल्ला समन्वय समितिलाई संस्थागत रूपमा सक्षम बनाउन अवलम्बन गर्नुपर्ने उपायहरू,
६. जिल्ला समन्वय समिति र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई सुधार गर्ने सुझावहरू,
७. जिल्ला समन्वय समिति र अन्य निकायबीच गर्नुपर्ने समन्वय सम्बन्धी व्यवस्थाहरू,
८. अन्य आवश्यक कुराहरू ।

.....................

खगेन्द्र पौडेल

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः मन्त्रालयको वेभसाईटमा अपलोड गरिदिनुहुन साथै सवै जिल्ला समन्वय समितिको कार्यालयमा ईमेल मार्फत प्रेषित गरिदिनुहुन ।

श्री जिल्ला समन्वय समिति महासङ्घ,
सानेपामोड, ललितपुर ।